# विद्यालय सुपरिवेक्षण सेवाको कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता
पूरा गर्नका लागि तयार पारिएको
शोधपत्र

शोधकर्ता
नेत्रप्रसाद गजुरेल
क्याम्पस क्रमाङ्क : २४/०६४
परीक्षा क्रमाङ्क : २३३००४९/०६६
त्रि.वि.द.नं. : ८४१३/८७
सिन्धुली बहुमुखी क्याम्पस
ढुङ्ग्रेवास, सिन्धुली
२०७१

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सिन्धुली बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि स्नातकोत्तर तहको शोधपत्र विद्यार्थी स्वयम्‌ले विषय छनोट गरी सम्पन्न गर्नुपर्ने हुँदा मैले 'विद्यालय सुपरिवेक्षण सेवाको कार्यान्वयन शीर्षक छनोट गरी तयार गरिएको प्रस्तुत शोधपत्र जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावक एवम् सम्बन्धित अन्य विभिन्न तथ्यहरुको आधारमा तयार पारिएको सुपरिवेक्षण सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न यस अध्ययन सहयोगी र उपयोगी हुने विश्वास गरेको छु ।

यो शोधकार्य तयार पार्ने सिलासिलामा आफ्नो अमूल्य सहयोग तथा सुझाव, सल्लाह प्रदान गर्नु भई कुशल मार्गनिर्देश गर्नुहुने शोध निर्देशक श्री भागवत थापाप्रति कृतज्ञता व्यक्त गर्दछु । यस शोध कार्यलाई सफल वनाउनका लागि आफ्नो व्यक्तिगत तथा अध्यापन सम्बन्धी व्यस्तताको बावजुद् पनि शोधपत्रको शुरुदेखि अन्त्यसम्म सधैं सद्‌भावपूर्ण तरिकाले सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने क्याम्पस प्रमुख श्री मिमप्रसाद घिमिरेप्रति हार्दिक आभार ज्ञापन गर्न चाहन्छु । यसैगरी शोधकार्यका लागि प्राप्त सुझाव, सल्लाह तथा मार्गदर्शन गर्नु हुने सबै महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयार गर्ने क्रममा आवश्यक सहयोग गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पस परिवारप्रति पनि कृतज्ञ छु ।

शोधकार्यको सिलसिलामा आवश्यक सूचना तथा तथ्याङ्कहरु, सुझावहरु उपलब्ध गराई सहयोग गर्नुहुने जिल्ला शिक्षा कार्यालय रामेछाप परिवार, सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, अभिभावकहरु र विद्यार्थी भाइवहिनीहरु प्रति आभार व्यक्त गर्दै अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहन्छु । त्यस्तै यस शोधकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने मित्र शंकरराज (भण्डारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस प्रतिवेदन तयार गर्ने क्रममा घरायसी कार्य वोझ कम गर्न मद्दत गर्ने जीवनसाथी सरिता शर्मा, छोरा नितेश गजुरेल तथा छोरी निता गजुरेल पनि धन्यवादका पात्र बनेका छन् ।

अन्त्यमा यो शोधपत्र कम्प्युटर टाइप गरी तयार गर्न सहयोग पुऱ्याउने सगरमाथा बुक्स, स्टेशनरी एन्ड अर्डर सप्लायर्सका मित्र कृष्णहरि ढुङ्गेलप्रति समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**नेत्रप्रसाद गजुरेल**

एम.एड.दोश्रो वर्ष

## शोधसार

*प्रस्तुत शोध कार्य विद्यालय सुपरिवेक्षण सेवाको कार्यान्वयन शीर्षकमा गरिएको हो । यस शोध कार्यको मुख्य उद्देश्य सामुदायिक विद्यालयहरुमा विद्यालय सुपरिवेक्षणको कार्यान्वयन पक्षको विश्लेषण गर्नु रहेको छ ।*

*यस अनुसन्धान कार्यको परिमाणात्मक र गुणात्मक दुबै किसिमका ढाँचा प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, स्थलगत अध्ययन/अवलोकन फारम र अन्तर्वार्ता जस्ता साधनको प्रयोग गरिएको छ । जनसङ्ख्या छनोटका लागि १२ ओटा सामुदायिक विद्यालयका १२ जना प्रधनाध्यापक, २४ जना शिक्षक, १२ जना विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी गरी जम्मा ५१ जनालाई प्रयोग गरिएको छ । स्रोतकेन्द्रका ३८ ओटा सामुदायिक विद्यालय मध्ये १२ ओटा विद्यालय छनोट गरिएको छ । तथ्याङ्को स्रोतको रुपमा प्राथमिक र द्वितीय दुबै स्रोत प्रयोग गरिएका छन् । तथ्याङ्कलाई तालिका, स्तम्भ चित्रमा प्रस्तुत गरी प्रतिशत, औसत समेतका आधारमा विश्लेषण र व्याख्या गरिएको छ । सुपरिवेक्षणको वर्तमान अवस्थाको पहिचान गर्न स्थलगत  अध्ययन अवलोकन फारमको माध्यमबाट विद्यालयका भौतिक अवस्थाको पहिचान गरिएको छ भने विद्यार्थी विवरण बाट विद्यार्थी चापको विश्लेषण गरिएको छ । यसैगरी विद्यालयको विद्यार्थी संख्या र शिक्षक दरबन्दी संख्याबाट शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरिएको छ । विद्यालयको निरीक्षक पुस्तिकामा उल्लेख भए अनुसार विद्यालय सुपरिवेक्षणसँग सम्वन्धित सरोकारवालाहरुले वर्षभरीमा विद्यालय निरीक्षण गरिएको पटकको गणना गरिएको छ । प्रश्नावलीहरुको माध्यमबाट विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गर्न जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, श्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरु, प्रधानाध्यापक र शिक्षकहरुको प्रतिक्रियाको विश्लेषण गरिएको छ । विद्यालय सुपरिवेक्षणको प्रभावकारिता अध्ययनको क्रममा परीक्षाको नतीजालाई सुपरिवेक्षण सेवासँग तुलना गरिएको छ ।*

*अध्ययनमा यस क्षेत्रका विद्यालयको भौतिक अवस्था सामान्य रहेको पाइएको छ । प्राथमिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको देखिन्छ  भने निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयमा पनि यसको असर क्रमशः पर्दै गरेको पाइयो । शिक्षक दरवन्दी पनि विद्यार्थी संख्याको आधारमा मिलान गर्न नसकिएको देखिन्छ । फलस्वरुप प्राथमिक र*

माध्यमिक विद्यालयमा भन्दा निम्न माध्यमिक विद्यालयमा विद्यार्थी संख्याको आधारमा दरबन्दी न्यून रहेको पाइयो । सुपरिवेक्षण गर्ने क्रममा श्रोतब्यक्तिद्वारा वर्षमा ३ पटक सम्म सुपरिवेक्षण गरेको पाइन्छ भने विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीद्वारा वर्षमा एक पटकसम्म पनि सुपरिवेक्षण कार्य हुन नसक्दा विद्यालय सुपरिवेक्षण प्रभावकारी वन्न नसकि शैक्षिक उपलब्धि पनि न्यून रहेको पाइयो । प्रधानाध्यापकको नियुक्ति र विद्यालय व्यवस्थापन समितिको गठनमा राजनैतिक प्रभाव परेकोले सुपरिवेक्षण कार्यमा सक्षम व्यक्ति प्रधानाध्यापकमा नियुक्ति हुन नसकेको र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी पनि शैक्षिक क्षेत्रका हरेक पक्षमा सक्षम हुन नसकेको पाइयो । उचित तरिकाले सुपरिवेक्षण र अनुगमन गर्न सक्षम ब्यक्तिको आवश्यककता पर्छ । त्यसैले प्रधानाध्यापकको नियुक्ति गर्दा प्राथमिक विद्यालयका लागि प्रमाण पत्र तह, निम्न माध्यमिक विद्यालयका लागि स्नातक तह र माध्यमिक विद्यालयका लागि शिक्षा विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका ब्यक्ति हुनु पर्छ । त्यसरी नै श्रोतव्यक्ति तथा विद्यालय निरीक्षक हुन शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातक गरेको व्यक्तिलाई खुल्ला प्रतिष्पर्धाद्वारा नियुक्ति गरिनु पर्छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु छनोट गर्दा सुपरिवेक्षण सम्वन्धी ज्ञान भएका शिक्षित व्याक्तिहरुलाई मात्र छनोट गरिनु पर्छ र सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी पूर्णरुपमा वहन गर्नुपर्दछ । मैले कति गर्नुपर्ने देखिन्छ ।

## विषय सूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमि 1

१.२ समस्याको कथन 6

१.३ अध्ययनको औचित्य 7

१.४ अध्ययनको उद्देश्य 9

१.५ अनुसन्धनात्मक प्रश्नहरू 9

१.६ अध्ययनको परिसीमा 9

१.७ शब्दहरूको परिभाषा 10

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक vfsf**

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन 11

२.२ सैद्धान्तिक खाका 15

२.३. साहित्य पुनरावलोकनको उपादेयता 16

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा 18

३.२ जनसंख्या र नमुना छनोट 18

३.३ अनुसन्धानका साधन 19

३.४ तथ्याङ्कका श्रोतहरू 19

३.५ तथ्याङ्कको प्रस्तुति विश्लेषण प्रक्रिया 19

**परिच्छेद चार : तथ्याङक विश्लेषण र व्याख्या**

४.१ विद्यालय सुपरिवेक्षणको विद्यमान अवस्था 20

४.१.१ विद्यालयको भौतिक पक्ष 20

४.१.२ विद्यार्थी चाप 21
४.१.३ शिक्षक दरवन्दी 22
४.१.४ शिक्षक विद्यार्थी अनुपात 23
४.१.५ सुपरिवेक्षण नियमितता 24
४.१.६ विद्यालय सुपरिवेक्षण सम्बन्धी सरोकारवालाहरुको प्रतिक्रिया 25

४.२ विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभाव 31
४.३ शैक्षिक उपलब्धिमा सुपरिवेक्षणको प्रभाव 31
४.४ विद्यालय सुपरिवेक्षणका समस्याहरु 34
४.४.१ नीतिगत समस्याहरु 34
४.४.२ व्यावहारिक समस्याहरु 35
४.४.३. स्थानीय समस्याहरु 36
४.५ समस्या सामाधानका सम्भावित उपायहरु 36
४.५.१ नीति नियमको कार्यान्वयन 37
४.५.२ निरन्तर अनुगमन 37

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष 39
५.२. सुझावहरु 40
५.२.१ नीतिगत तह 40
५.२.२ कार्यान्वयन तह 42
सन्दर्भग्रन्थ सूची
परिशिष्ट